


# ११ नयाँ करारमा पवित्रस्थान

*<u>यस अध्यायका मूल पदहरू:</u>* प्रस्थान २५:८, यशैया ५३:४-१२, हिब्रू १०:४, हिब्रू ९:१४, हिब्रू ८:१-६ र १ तिमोथी २:५,६।

*<u>यस अध्यायको मूल सार पद:</u>* "त्यसकारण उहाँ नयाँ करारको मध्यस्थकर्ता हुनुहुन्छ। त्यसले गर्दा जसजसलाई बोलाहत भएको हो तिनीहरू अनन्त उत्तराधिकारीको प्रतिज्ञाको उपभोग गर्न सकुन्" (हिब्रू ९:१५ रूपान्तरित)।

जुन नभएको एक रात आकाश कालो मसीले भरिएको जस्तो थियो। त्यस अन्धकारमा फ्रान्क सहरका खाली सडकमा हिँडिरहेको थियो। केही समयपछि उसको पछि कोहीँ हिँडेको आवाज सुन्यो। त्यस रातमा कसैले उसको पिछा गरिरहेको थियो। अनि त्यो व्यक्ति फ्रान्ककहाँ आइपुगेर सोध्यो, "फ्रान्क, के तपाईं पुस्तक छाप्ने व्यक्ति होइन?" "हो, महुँ। तर तपाईंले मलाई कसरी चिन्नुभयो?"

"अँ", तपाईंलाई म चिन्दिँन" त्यस अपरिचित व्यक्तिले भन्यो, "तर तपाईंको दाइलाई म धेरै राम्रोसँग चिन्छु। अन्धकारमा पनि उनको व्यवहारले म उनलाई चिन्दछु। तपाईंको आकार र तपाईं हिँड्नुभएको शैलीले तपाईंको दाजुको जस्तो भएकोले तपाईं उनको दाजु नै हो भनेर ठम्याउन सकेको थिएँ, किनकि मेरो भाइ छ भनेर उनले मलाई भनेका थिए।"

यस कथाले इस्राएलीहरूको पवित्रस्थानमा गरिने सेवाविधिहरूको प्रभावकारी सत्यलाई प्रकट गर्दछ। यो पवित्रस्थान, बाइबलले भन्दछ कि स्वर्गमा रहेको वास्तविक पवित्रस्थानको छायाँ, प्रतिक वा चित्रण हो। तैपनि यस पृथ्वीमा रहेको पवित्रस्थानमा प्रसस्त छायाँ, प्रतिक र चित्रणहरू स्पष्टमात्रा पाइन्थ्यो जसले गर्दा त्यस स्थान र त्यहाँ अपनाइएका विभिन्न विधिहरूले आउने र प्रकट गरिने सत्यहरूलाई प्रतिनिधित्व गर्ने वा गरिनुपर्ने देखाइएको थियो: स्वर्गको पवित्रस्थान वा मन्दिरमा ख्रीष्टको मृत्यु र प्रधान-पुजारीको सेवाकार्य।

**यस अध्यायको झलकः** *परमेश्वरले इस्राएलीहरूलाई पवित्रस्थान बनाउन कि चाहनुभएको थियो? येशू ख्रीष्ट हाम्रो बदली हुनुभएको छ भनेर त्यस पवित्रस्थानले हामीलाई के सिकाउँछ? हाम्रो प्रतिनिधित्व हुनुभएर येशूले स्वर्गमा के गर्नुहुन्छ?*

## १. सम्बन्धहरू

**"११ तिमीहरूलाई घृणा नगरी वा नहेपि म तिमीहरूकै बीचमा वास गर्नेछु वा पवित्रस्थान राख्नेछु।१२ म तिमीहरूका बीचमा हिँड्डुल गर्नेछु, र म तिमीहरूका परमेश्वर हुनेछु, अनि तिमीहरूचाहिँ मेरा प्रजा हुनेछौ" (लेवीहरू २६:११-१२ रूपान्तरित)।**

चाहे पुरानो करारमा होस् वा नयाँ करारमा होस् परमेश्वरले उहाँका जनहरूसित घनिष्ट र प्रेमिलो सम्बन्ध राख्न प्रयास गर्नुहुन्छ भन्ने विषय अहिलेसम्ममा हामीलाई स्पष्ट हुनुपर्दछ। यथार्थमा करारहरू त्यस सम्बन्धलाई सहयोग गर्ने **"नीतिहरू" हुन** भनेपनि हुन्छ (त्यो भन्दा अरू उत्तम शब्द नपाइएको परिवेशमा)।

कुनै पनि करारमा सम्बन्ध गाँसिराख्नु अत्यन्त निर्णायक हुन्छ। जुनसुकै परिवेश वा समयमा वा जहाँ र जोसुकैसँग होस्। तर विशेष गरेर पापी, कमजोरी, शङ्का गर्ने र गलत काम गर्न ढल्केका मानिसहरूको निम्ति अन्तर्क्रिया गरेर हुन्छ कि, सम्बाद गरेर हुन्छ कि सम्पर्क जारी राखेर हुन्छ कि परमेश्वरसँगको सम्बन्धको निम्ति कायम गरिराख्नु जरुरी छ। परमेश्वरलाई यही कुरो थाहा पाएर हामीमा प्रकट हुन उहाँ आफैले कदम चाल्नुभयो। हामी पतित मानव प्राणीले हामीहरूले नै बुझेको अनुसार उहाँ प्रकट हुने प्रावधान बनाउनु भएको थियो। त्यस प्रावधानबाट परमेश्वरसँग हामी अर्थपूर्ण तरिकाले सम्पर्क राख्न सकिने भएको थियो।

**प्रस्थान २५:८मा परमेश्वरले इस्राएलीहरूलाई पवित्रबासस्थान बनाउन आदेश दिनुभएको थियो पढ्नुहोस्। परमेश्वरले कुन कारण दिनुभयो सो काम तिनीहरूलाई गर्न दिइएको थियो? हेर्नुहोस्, "“म तिनीहरूका मध्यमा बस्नलाई तिनीहरूले मेरो लागि एउटा पवित्रस्थान बनाऊन।"**

यस प्रश्नको जवाफले अर्को प्रश्नपनि खडा हुन्छ, त्यो हो *किन त*? उहाँका मानिसहरूको बीचमा परमेश्वर किन रहन चाहनुभएको?

त्यस प्रश्नको सत्य जवाफ पाउने हो भने माथिका दुई पदहरू देखाउँदछ। याद गर्नुहोस्, परमेश्वर तिनीहरूसँग "रहनुहुनेछ वा पवित्रस्थान

हुनुहुनेछ; अनि उहाँले भन्नुहुन्छ तिनीहरूलाई हेप्ने छैन वा घृणा गर्नेछैन। अनि उहाँले भन्नुहुन्छ उहाँ " तिनीहरूको माझमा हिँडडुल गर्नुहुनेछ र उहाँ तिनीहरूको परमेश्वर हुनेछ र तिनीहरू उहाँका जनहरू वा प्रजा हुनेछन् (लेबी २६:११,१२)। ती पदहरूमा उल्लेख गरिएका तत्वहरू फेरि हेर्नुहोस्। तिनीहरूमा परमेश्वरले आफ्ना जनहरूसँग राख्न चाहने सम्बन्धको पक्षलाई स्पष्टरूपमा देखाइएको छ।

**एक छिन समय लिनुहोस्: लेबी २६:११,१२ र प्रस्थान २५:१२ शब्द शब्दमा केलाएर पढ्नुहोस्। परमेश्वरले आफ्ना जनहरूसँग राख्ने सम्बन्धको प्रयासमा त्यहाँ के कदमहरू उल्लेख गरिएकाछन् सो लेख्नुहोस्।**

**बिशेष गरेर "मेरो आत्मा तिमीहरूलाई घृणा गर्नेछैन वा मैले तिमीहरूलाई हेप्ने छैन" भन्ने शब्दहरूमा विशेष ध्यान दिनुहोस्। पवित्रस्थान आफैमा के छ वा तिनीहरूको बिधिमा के छ जसले गर्दा पतित र पापी मानिसहरूलाई परमेश्वरले ग्रहण गर्ने प्रावधान बनाइएको थियो साथै करार बाध्ने प्रक्रियामा त्यो किन महत्त्वपूर्ण छ?**

## २. पाप, बलिप्रथा, र ग्रहण वा स्वीकार्य (हिब्रू ९:२२)

पशु बलिद्वारा पापीले आफ्नो पाप हटाउन र दोष मुक्त हुने प्रथा पुरानो करारमा परमेश्वरले नै स्थापना गर्नुभएको थियो। बलिप्रथाको बारेमा इस्राएलीहरूलाई दिइएको विस्तृत विवरण लेबी अध्याय १देखि ७ अध्यायसम्ममा पाइन्छ। विभिन्न प्रकारका पशुबलिको रगतलाई बढो होशियारसाथ कसरी प्रयोग गर्ने र व्यवस्थापन गर्ने बारेमा विस्तृत आदेश दिइएको छ। इस्राएलीहरूले गरिने पशुबलिका प्रथाहरूमा धेरै विशेषताहरू छन्। रगतको भूमिका पनि एक हो जसले बलिप्रथाहरूलाई एक शुत्रमा बाँधि राख्छ।

यदि कसैले पाप गऱ्यो भन्यो भने उसले करारको सम्बन्धलाई उलङ्घन गरिएको ठहऱ्याउँथ्यो साथै त्यसमा भएको नियमलाई तोडेको भनेर स्वीकार्नुपर्थ्यो। आफू मर्नुपर्ने सट्टामा यदि उसले पशुलाई बलि दियो भने उसले परमेश्वर र मानवतासँगको सम्बन्ध पूर्णरूपमा पुनस्थापित भएको देखाएको हुन्थ्यो। पशुबलिहरू र तिनीहरूसँग गाँसिएका विभिन्न रितिहरूद्वारा मानिसमा भएको पाप र दोषीमनस्थितिलाई शुद्ध पार्ने प्रथा परमेश्वरले नै नियुक्त गर्नुभएको थियो। पापीलाई शुद्ध पार्न ती प्रथाहरूको स्थापना भएको थियो। पवित्रस्थानमा रगत छर्दा तिनीहरूको पाप र दोष त्यहाँ सारिएको देखाउँथ्यो

साथै तिनीहरूलाई उद्धार गर्ने व्यक्तिगत परमेश्वरसँग फेरि सम्पर्कमा आउनसक्ने र पुरै करारको सङ्गतिमा पश्चातापी पापी लाग्न सक्ने प्रावधान त्यस चलनमा थियो।

**अगाडिको बुँदाको अन्तमा दिएका प्रश्नहरूलाई बुझाउन माथि व्यक्त गरिएका अवधारणाहरूले कसरी सहयोग गर्दछ?**

पशुबलिले महत्त्वपूर्ण भविष्यवाणीलाई औंल्याउँछ। त्यो महत्वपूर्ण भविष्यवाणी के हो र त्यसको अर्थ के हो? हेर्नुहोस्, यशैया ५३:४-१२ "४ निश्चय नै उसले हाम्रा निर्बलताहरू बोक्यो, र हाम्रा दुःख भोग्यो, तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, उहाँबाट पिटिएको र दुःखमा परेको सम्झ्यौं। ५ तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेड़ियो। हाम्रा अधर्मका निम्ति ऊ पेलियो। हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पर्‍यो, र उसको कोर्राको चोटले हामी निको भयौं। ६ हामी सबै भेड़ाझैं बरालिएका छौं। हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, र परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ। ७ ऊ थिचोमिचोमा पर्‍यो, र उसलाई कष्ट पर्‍यो, तापनि उसले आफ्नो मुख खोलेन। मारिनलाई लगेको थुमाजस्तै ऊ डोर्‍याएर लगियो। आफ्नो ऊन कत्रनेको सामु भेड़ा मौन भएझैं उसले पनि आफ्नो मुख खोलेन। ८ अत्याचार र इन्साफद्वारा ऊ लगियो। उसका सन्तानका बारेमा कसले विचार गर्न सक्छ? किनकि ऊ जीवितहरूको देशबाट अलग गरियो, र मेरो प्रजाका अपराधको निम्ति उसमाथि कुटाइ पर्‍यो। ९ उसको चिहान दुष्टहरूसित बनाइयो, र मृत्युमा धनीहरू उसको साथमा थिए, यद्यपि उसले केही उपद्रव गरेको थिएन न त उसको मुखमा केही छल थियो। १० तापनि उसलाई चकनाचूर र कष्टमा पार्न परमप्रभुको इच्छा थियो, र परमप्रभुले उसको प्राणलाई दोषबलिझैं बनाउनुभए तापनि, उसले आफ्ना छोराछोरीलाई देख्नेछ र आफ्नो दिन बढ़ाउनेछ र परमप्रभुको इच्छा उसकै हातमा उन्नत हुनेछ। ११ उसका प्राणको वेदनापछि उसले जीवनको ज्योति देख्नेछ र सन्तुष्ट हुनेछ। आफ्नो ज्ञानद्वारा मेरो धर्मी दासले धेरैलाई धर्मी बनाउनेछ, र उसले तिनीहरूका अधर्म बोक्नेछ। १२ यसैकारण महान्‌हरूसँगै उसलाई पनि म एक भाग दिनेछु, र उसले लूटको माल सामर्थीहरूसित बाँड्नेछ। किनभने उसले आफ्नो जीवन मृत्युमा खन्यायो, र ऊ अपराधीहरूको गन्तीमा गनियो। किनकि उसले धेरैको पाप बोक्यो र उसले अपराधीहरूका निम्ति मध्यस्थता गर्‍यो।" र हिब्रू १०:४ "साढ़े (वा राँगा?) र बोकाहरूको रगतले पाप हरण गर्न असम्भव छ।"

पापीको पाप मेटाउन र उसमा भएको दोषी मनस्थितिलाई पखाल्न पवित्रस्थानमा पशुबलिहरू दिइन्थ्यो। यो प्रथा पुरानो करारमा थियो र यो परमेश्वरकै इच्छा अनुसार चलनमा ल्याइएको थियो। यस प्रथाले दोषी र मृत्युदण्डको योग्य भएको पापीको स्थितिलाई क्षमा पाइएको वा निर्दोष साबित भएको स्थितिमा ल्याइन्थ्यो र परमेश्वर र मानिसको बीचमा गरिएको करारको सम्बन्ध फेरि स्थापना भएको पनि देखाउँथ्यो। तर पशुबलिहरूले मानिसलाई मुक्ति दिने नभएर तिनीहरूले औंल्याएका भविष्यमा हुने सिद्ध बलिले मानिस पापबाट मुक्त हने आभास् ती इस्राएलीहरूले पाउनुपर्थ्यो। कुनै पनि पशु मानिसको सट्टामा मारिन्दा मानिसको पाप र दोष निर्मूल हुन पर्याप्त छैन। स्पष्टरूमा भन्ने हो भने पशुबलिले मानिसको पापलाई मोचन गराउँदैन। पावलले आफ्नो स्पष्ट धारणा यसरी राख्दछन्: "साँढे (वा राँगा) र बोकाहरूका रगतले पापहरू पखाल्न असम्भव छ" (हिब्रू १०:४ रूपान्तरित)। एक दिन परमेश्वरको ईश्वरीय-मानव सेवक संसारको पापको निम्ति आउनुभएर पापीको सट्टामा मर्नुहुने घट्नालाई पशुबलिले औंल्याएको थियो र प्रत्येक इस्राएली जसले पशुबलि दिइन्थ्यो उसले त्यस आउनेवाला घट्नातिर दृष्टिगत गरिरहनुपर्दथ्यो। येशू ख्रीष्टको मृत्युको प्रक्रियाद्वारा पापीको पापलाई क्षमा दिइन्छ र परमेश्वरले उसलाई स्वीकार गर्नुहुन्छ भन्ने आत्मज्ञान हुनु जरुरी छ। यही आउनुहुने येशूकै आधारमा परमेश्वरसँग करारको सम्बन्ध स्थापित हुन पुगेको थियो।

**पुरानो करारको समयमा रहेको कुनै मानिसको ठाउँमा तपाईं आफूलाई राख्नुहोस्। त्यसबेला ती इस्राएलीहरूले पवित्रस्थानमा पशुबलि चढाउँदा के सोचेका हुन्थे होला? यो पनि सम्झनुहोस् कि तिनीहरूको आर्थिक, संस्कृति वा संस्कार र पूरै जीवनको निम्ति बस्तु वा पशु कतिको महत्त्वपूर्ण थियो? ती पशुहरूको बलिबाट पापको मोल कतिको ठूलो रहेछ भनेर तिनीहरूले कसरी सिक्नुपर्थ्यो?**

## ३. बदलीमा

**"४ हाम्रा परमेश्वर र पिताको इच्छाअनुसार उहाँले यस वर्तमान दुष्ट युगबाट हामीलाई छुटकारा दिनलाई हाम्रा पापका निम्ति आफैलाई अर्पण गर्नुभयो। ५ परमेश्वरलाई सदासर्वदा महिमा भइरहोस्। आमेन।" (गलाती १:४-५)।**

एउटा प्रश्न विवादरहित छः नयाँ करारका विभिन्न विषयबस्तुहरूमा एउटा वा केवल एउटामात्र छ त्यो हो येशू ख्रीष्ट संसारका पापहरूको निम्ति बलिदिएर मर्नुभयो। मुक्तिको सारा योजनाको आधारभूत सत्य वा जग नै यो सत्य हो। कुनै पनि इसाई धार्मिक विद्या जसले मानिसलाई क्षमा दिन ख्रीष्टले रगत बगाउनुभयो भन्ने विषयलाई अस्वीकार गर्दछ त्यस विद्याले इसाई आस्थाको आत्मा र मुटुलाई नै लटयाएको ठहर्छ। येशूको रगतबिनाको क्रुसले कसैलाई पनि मुक्ति दिन सक्दैन।

**माथि दिएको पदमा ध्यान गर्नुहोस् र देहायका प्रश्नहरूको जवाफ दिनुहोस्: के येशू आफै स्वइच्छाले मर्न तयार हुनुभयो? कसको निम्ति उहाँ मर्नुभयो? उहाँको मृत्युले के लक्ष्य पूरा भयो?**

मानिसको बदलीमा वा बिकल्पमा येशूको मृत्यु नै मुक्तिको सारा योजनाको साँचो वा महत्त्वपूर्ण जग हो। हाम्रो पापले गर्दा हामी मर्न योग्यका छौं। हामीलाई ख्रीष्टले अतिनै प्रेम गर्नुभएकोले हाम्रो पापको निम्ति उहाँ आफैलाई सुम्पनुयो (गलाती १:४)। हामी मर्नुपर्ने ठाउँमा वा हामी मर्नको दोषित साबित भएको तर हाम्रो बदलीमा उहाँ मर्नुभयो। पापीहरूको बदलीमा येशूको मृत्यको महान् सत्यद्वारा नै अरू सत्यहरू बहन्छ। हाम्रो आशा, हाम्रो पुनर्स्थापन, हाम्रो स्वतन्त्रता, हामीले पाउने क्षमा, स्वर्गमा पाउने अनन्त जीवन आदि सबै येशूको काममा निर्भर भएको छ। त्यो काम हो हाम्रा पाप, अधर्म र दुष्टताहरूको निम्ति येशूले आफैलाई सुम्पनु। यो बिना हाम्रो विश्वास, आस्था, जीवन, जिउनुको सार्थकता सबै बेकारको हुन्छ। उहाँमा विश्वास गर्न सकिएन भने माछाको मूर्तीलाई हाम्रो आशा र भरोसा राखेपनि हुन्छ। मुक्ति केवल रगतबाटमात्रै आउँछ त्यो पनि येशूको रगतले।

**देहायका पदहरू पढ्नुहोस्। ती पदहरूले हामीलाई रगतको बारेमा के सन्देश दिन्छ? मुक्तिको योजनामा रगतले कस्तो भूमिका खेल्दछ? हेर्नुहोस्, मत्ती २६:२८ "किनभने यो नयाँ करारको मेरो रगत हो, जो धेरैका निम्ति पापको प्रायश्चितको लागि बहाइन्छ।", एफिसी २:१३ "तर तिमीहरू, जो त्यस बेला ख्रीष्ट येशूबाट टाढ़ा थियौ, अब ख्रीष्टको रगतले नजिक भएका छौ।", हिब्रू ९:१४ "ख्रीष्टको रगतले त झन् कति बढ़ी गरी तिमीहरूका विवेकलाई मरेका कामहरूबाट शुद्ध पार्नेछ, ताकि तिमीहरू जीवित परमेश्वरको सेवा गर्न सक। किनकि उहाँले अनन्त आत्माद्वारा आफैलाई निष्खोट बलिको रूपमा परमेश्वरलाई अर्पण गर्नुभयो।" र १ पत्रुस १:१९ "तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो ख्रीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्टयाइएका छौ।"**

"तपाईं पापी र अयोग्य भएकोले परमेश्वरले तपाईंलाई ग्रहण गर्नुहुन्न भनेर उहाँमाथि भरोसा नराख्ने र तपाईंले आफूले आफैलाई सास्ती दिने चाल परमेश्वरको इच्छा अनुसार होइन।...तपाईंले भन्न सक्नुहुन्छः 'मलाई थाहा छ म पापी हुँ, त्यसैकारण मलाई मुक्तिदाताको आवश्यकता छ...म कुनै कुनै योग्यता वा असल गुणहरू छैन जसले गर्दा मैले मुक्तिलाई दावी गर्न सक्छु, तर म आफूलाई परमेश्वरको निष्खोट थुमाको सबै पाप क्षमा गर्ने रगतमाथि दावी गरेर परमेश्वरको सामु उपस्थित हुन्छु। सारा संसारको पाप उठाइ लाने येशूलाई आत्मसात गर्दै म परमेश्वरकहाँ पुग्छु। यो नै मेरो केवल बिन्ति हो।'"-एलेन जी ह्वाइट, द फेथ आइ लिभ बाइ, पृ. १००बाट रूपान्तरित।

**माथि एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको भावनामा मनन गर्नुहोस्। तपाईंको आफ्नै शब्दहरूले त्यसलाई रूपान्तरित गरेर लेख्नुहोस्। यो तपाईंको आफ्नो व्यक्तिगत धारणा हो भनेर लिनुहोस्। तपाईंको डर, पीडा लेख्नुहोस् र त्यहाँ के प्रतिज्ञाहरू छन् जुन तपाईंलाई दिइएको छ सो लेख्नुहोस्। नयाँ करारको रगतले तपाईंमा के आशा पल्हाइ दिन्छ?**

## ४. नयाँ करारको प्रधान पुजारी

आफ्ना जनहरूसँग परमेश्वर रहन पृथ्वीको पवित्रस्थान उहाँले रोज्नुभएको थियो। त्यस पवित्रस्थानको केन्द्रबिन्दु पशुहरूको बलि थियो। तर ती पशुहरूको मृत्युमा पवित्रस्थानमा हुने सेवाविधिहरूको अन्त्य भएको थिएन। जब पापीले पशुलाई बलि दिन्थ्यो तब त्यस पापीको निम्ति रगत लिएर पुजारीले पवित्रस्थानमा बिधिपूर्वक सेवाकार्य गरिन्थ्यो। त्यहाँ गरिने सबै विधि वा सेवाकार्य येशू यस संसारको निम्ति के गर्नुहुनेछ केवल छायाँ, प्रतिक वा चिन्हमात्र थियो। जसरी पशुको मृत्युले प्रतिकहरूको अन्त्य भएको थिएन त्यसरी नै क्रुसमा येशू मर्नुभएपछि हाम्रो निम्ति उहाँको काम अन्त्य भएको थिएन।

**हिब्रू ८:१-६ ध्यान दिएर पढ्नुहोस्। ती पदहरू प्रार्थनापूर्वक पढ्नुहोस्। यहाँ के भनिरहेको छ र त्यो हामीले थाहा पाउन किन जरुरी छ भनेर बुझ्न परमेश्वरसँग सहयोग माग्नुहोस्। यो गर्न सकेपछि हाम्रो निम्ति परमेश्वरको सन्देश के रहेछ सो तपाईंले आफ्नै शब्दहरूमा लेख्नुहोस्। तपाईं आफैले पनि आफूलाई सोध्नुहोस्, ती पदहरूले नयाँ करारलाई बुझाउन कसरी सहयोग गर्दछ? हेर्नुहोस्, "१ अब हामीले भन्न चाहेको कुराचाहिँ यही होः हाम्रा यस्ता प्रधान पूजाहारी हुनुहुन्छ, जो स्वर्गमा महान् परमेश्वरका सिंहासनको**

**दाहिनेपट्टि विराजमान हुनुहुन्छ। २ मानिसले होइन, तर परमप्रभुले खड़ा गर्नुभएको पवित्रस्थान, साँचो पवित्र वासस्थानमा उहाँ सेवक हुनुहुन्छ। ३ किनकि हरेक प्रधान पूजाहारी भेटी र बलिदान चढ़ाउन नियुक्त भएका हुन्छन्। यसकारण यी प्रधान पूजाहारीसँग पनि अर्पण गर्ने केही सामग्री हुनु आवश्यक छ। ४ उहाँ यस पृथ्वीमै हुनुहुँदो हो त उहाँ पूजाहारी हुनुहुने नै थिएन, किनभने व्यवस्थाबमोजिम भेटी चढ़ाउने पूजाहारीहरू त छँदैछन्। ५ तिनीहरूले स्वर्गीय पवित्रस्थानको नकल र छायाको सेवा गर्दछन्, किनकि मोशाले पवित्र वासस्थान बनाउन लाग्दा परमेश्वरको यस्तो आदेश पाएका थिए, "पर्वतमा तिमीलाई देखाइदिएको नमूनाबमोजिम तिमीले सब थोक बनाउनू।" ६ तर यसै पनि ख्रीष्टले प्राप्त गर्नुभएको सेवा त्यतिकै बढ़ी श्रेष्ठ छ, जत्तिको उहाँले मध्यस्थता गर्नुभएको करार पुरानोभन्दा उत्तम छ। किनभने यो करारको जग उत्तम प्रतिज्ञाहरूमा बसालिएको छ।"**

जसरी यस पृथ्वीमा पवित्रस्थान, पुजारी र पुरानो करारमुनि सेवाकार्य हुन्थ्यो त्यसरी नै स्वर्गमा पनि पवित्रस्थान छ, स्वर्गिय पूजारीपन र नयाँ करार मुनि स्वर्गको पवित्रस्थानमा सेवाकार्य विधि छ। पुरानो करारमा जे प्रतिकहरू, चिन्हहरू, चित्रणहरू र छायाँ (हिब्रू ८:५) थिए त्यो नयाँ करारमा वास्तविकता हुनगएको थियो।

त्यो भन्दापनि अमुक र विवेक वा नीतिहीन पशु हाम्रो बदलीमा मर्नुपर्नेमा विवेकशील पापरहित येशू हाम्रो बदली मर्नुभयो; पशुको रगतभन्दा, हामीमा ख्रीष्टको रगत छ, मानिसले निर्माण गरेको पवित्रस्थानभन्दा हामीसँग सक्कल, सत्य पवित्रस्थान छ जुन परमेश्वरले नै निर्माण गर्नुभएको थियो मानिसले होइन (हिब्रू ८:२); र पापी, कमजोर र भूल गर्ने मानवीय पुजारी भन्दा, हाम्रो तर्फबाट येशू प्रधान पुजारी हुनुभएर सेवाकार्य गरिरहनुभएको छ। यी सबै कुराहरू दिमागमा राखेर पावलले व्यक्त गरेका शब्दहरू सोच्नुहोस्: "यस्तो महान् मुक्तिलाई हामीले वेवास्ता गर्नुबाट हामी कसरी भाग्न सक्छौं र?" (हिब्रू २:३ रूपान्तरित)।

**यो सोच्नुहोस्: तपाईंको निम्ति वा तपाईंको तर्फबाट येशू पापरहित जीवन बिताउनुभयो, तपाईंको निम्ति मर्नुभयो र अहिले स्वर्गमा हुनुहुन्छ जहाँ तपाईंको लागि वा तपाईंको तर्फबाट सेवाकार्य गरिरहनुभएको छ।** पापको अन्तिम र भयानक परिणामबाट तपाईंलाई उद्धार गर्न ती सबै थोक येशूले गर्नुभएको थियो। यस गजबको सन्देश कसैलाई सुनाउन योजना बनाउनुहोस्।

यो सन्देश कसले सुन्नुपर्छ सो उसलाई सुनाउनुहोस्। यस बुँदामा छलफल गरिएको आधारमा तपाईंले के भन्नुहुनेछ सो भन्न तयार हुनुहोस्।

## ५. स्वर्गको पवित्रस्थानमा भइरहेको सेवाकार्य (हिब्रू ९:२४)

हिब्रू ९:२३,२४ पढ्नुहोस्। विशेष गरेर कुन सन्दर्भमा त्यो लेखिएको हो सो बुझ्न खोज्नुहोस्। हाम्रो निम्ति क्रुसमा आफ्नो जीवन त्याग गर्नुभएर उहाँ पुनरुत्थान हुनुभएर स्वर्गमा हाम्रो पक्षमा सेवाकार्य गरिरहनुभएको छ। धेरै कुराहरू गर्न सकिन्छ तर परमेश्वरको उपस्थितिमा अहिले येशू हाम्रो पक्षमा उभिरहनुभएको एउटा वाक्यलाई विशेष ध्यान दिनुहोस्। हेर्नुहोस्, "२३ यदि स्वर्गीय कुराहरूका नमूनालाई शुद्ध पार्न यी विधिहरू चाहिए भने स्वर्गकै कुराहरूलाई शुद्ध पार्नु त अझ उत्तम बलिको आवश्यकता पऱ्यो। २४ ख्रीष्ट हातले बनाएको पवित्रस्थानभित्र प्रवेश गर्नुभएन, जोचाहिँ साँचो पवित्रस्थानको नकल मात्र हो, तर उहाँ स्वर्गभित्रै प्रवेश गर्नुभयो, र उहाँ हाम्रो पक्षमा परमेश्वरको सामु उपस्थित हुनुभएको छ।"

त्यसको अर्थ के हो सो सोच्नुहोस्। हामी, पापी, पतित मानव जाति हौं; यदि परमेश्वरको सामु हामी अहिले उभियौं भने हामी उहाँको महिमाको चमले भष्म हुनेछौं। हामी जतिसुकै खराब भएतापनि परमेश्वरको व्यवस्थालाई जतिसुकै हाकाहाकी उलङ्घन गरेतापनि परमेश्वरको सामु हाम्रो पक्षमा वकालत गर्दै हुनुहुन्छ। हाम्रो प्रतिनिधित्व गर्दै परमेश्वर पिताको सामु येशू उभिरहनुभएको छ। यस संसारमा रहनुहुँदा करुणामय, प्रेमिलो, क्षमाशील, सदाशय, मिलनसार र सबैलाई ग्रहण गर्ने येशूको बारेमा सोच्नुहोस्। त्यही व्यक्ति अहिले स्वर्गमा हाम्रो मध्यस्थता वा वकालत गरिरहनुभएको छ। के यसलाई सोच्न सक्नुहुन्छ?

सुसमाचारको अर्को खुशीको खबर त्यो हो। येशूले हाम्रा पापहरूको निम्ति क्रुसमा दण्डमात्र भोग्नुभएन (१ पत्रुस २:२४), उहाँ अहिले परमेश्वरको सामु स्वर्ग र पृथ्वीको बीचमा, मानव र ईश्वरको बीचमा मध्यस्थकर्ता भएर उभिरहनुभएको छ।

यो अत्यन्तै अर्थमूलक आत्मज्ञान हो। येशू जो परमेश्वर र मानिस (पापरहित शिद्ध मानिस)मात्र मानिस र परमेश्वरको बीचमा पुल हुनुभएको छ। पापले गर्दा मानिस र परमेश्वरको बीचमा गहिरो खाल्दो भएको थियो।

यी र अरू धेरै कुराहरूमा सम्झिनु पर्ने एक निर्णायक विषयचाहीँ यो हो कि अहिले मानिस वा मानव प्राणी जो हाम्रो सबै दुःखकष्ट, पीडा र

परिक्षाहरू भोग्नुभएका (हिब्रू ४:१४,१५) र त्यसप्रति संवेदनसील हुनुभएका येशू, परमेश्वरको पिताको सामु हाम्रो प्रतिनिधित्व गर्दै हुनुहुन्छ।

**"४ सबै मानिसहरूले मुक्ति पाऊन् र तिनीहरू सत्यको ज्ञानमा आऊन् भन्ने इच्छा उहाँ गर्नुहुन्छ। ५ किनकि परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरूका बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ– मानिस, ख्रीष्ट येशू। ६ उहाँले सबैका छुटकाराका मोलको निम्ति आफैलाई सुम्पिदिनुभयो, जुन कुराको गवाही ठीक समयमा दिइयो। ७ यसको खातिर म प्रचारक र प्रेरित नियुक्त भएँ, र विश्वास र सत्यतामा अन्यजातिहरूका निम्ति चाहिँ शिक्षक। म साँचो भन्दछु, म ढाँट्दिनँ" (१ तिमोथी २:४-७)। यी पदहरूमा येशूको दुई भूमिकाहरू देखाइएको छ र ती भूमिकाहरूले पृथ्वीमा भएको पवित्रस्थानमा हुने सेवाकार्यलाई कसरी वास्तविकतामा उतारेको छ? अर्थात् पृथ्वीको पवित्रस्थानमा गरिने सेवाकार्यले स्वर्गमा येशूले गर्नुहुने सेवाकार्यलाई कसरी अगाडि नै चित्रण गरिएको थियो?**

नयाँ करारको महान् र उल्लेखनीय संदेश त यो छ कि येशूले गर्दा पश्चातापि पापीहरूको पक्षमा प्रतिनिधित्व गर्दै परमेश्वर पिताको सामु उभिरहनुभएको छ। पापी मानिसहरूको कुनै पनि धर्मकर्म, त्याग तपस्या, परोपकारीय वा असल कामले कहिल्यै पनि आर्जन गर्न नसकिने जुन सिद्ध धार्मिकता जसले गर्दामात्रै परमेश्वरको सामु उभिन सक्छन् तर येशू हाम्रो निम्ति उभिरहनुभएको छ। उहाँको जीवनको कष्टद्वारा सिद्ध धार्मिकता हाम्रो निम्ति आर्जन गर्नुभएको थियो (हिब्रू २:१०)। हाम्रो पापबाट क्षमा र पापमाथि शक्ति पाउन येशू परमेश्वरको सामु बिन्तिभाऊ गर्दै हुनुहुन्छ। येशूको त्यो काम बिना हाम्रो आशा न त अहिले न त न्यायको समयमा हुनेछ।

**मानिस नै जो पापले गर्दा ल्याउने दुःखकष्ट परिक्षा के हो सो अनुभव गर्नुहुने येशू स्वर्गमा परमेश्वरको सामु हाम्रो पक्षमा वकालत गर्न उभिरहनुभएको छ, यस आत्मज्ञानको बारेमा प्रार्थना गर्नुहोस् र ध्यानमग्न हुनुहोस्। व्यक्तिगतरूपमा त्यसको अर्थ तपाईंलाई के हो? यसबाट कस्तो खालको आशा र उत्साह तपाईंको जीवनमा जगाउन सक्दछ?**

## उपसंहारः

**थप जानकारीः** "स्वर्गको कुनै उच्च स्वर्गदूतमा त्यो शक्ति र अधिकार दिइएको छैन जनु पतित वा पापमा हराएको मानिसको निम्ति दण्ड भोग्न सक्छ वा फिरौति दिन सक्छ। करुब र सराफिम स्वर्गदूतहरूमा केवल तीमात्र महिमाछ

जुन् सृष्टिकर्ताले आफ्ना सृष्टिहरूलाई उपलब्द गराउनुभएको थियो। मानिसलाई परमेश्वरसँग मेलमिलाप गराउन केवल त्यहीलेमात्र मध्यस्थकर्ताभएर काम गर्न सक्छन् जो परमेश्वरको बराबरीमा छन्। जोसँग परमेश्वरका गुण र स्वभावहरू छन् जुन परमेश्वरकै मर्यादाको उचाईंमा रहेर मानिसको निम्ति र पतित संसारको निम्ति परमेश्वरको दाँजोमा रहेर सनातन, अनन्त परमेश्वरलाईजस्तै सत्कार गर्न योग्य भएको घोषणा गरिनुपर्दछ। मानिसको बदली हुन र उसको निम्ति जमानत बस्न त्यो व्यक्ति मानिसकै स्वभाव हुनुपर्दछ र उनले प्रतिनिधित्व गर्ने मानव परिवारसँग सम्पर्क भएको हुनुपर्दछ र परमेश्वरको राजदूत भएर उनले ईश्वरीय स्वभाव पनि धारण गर्नैपर्छ र सनातन अनन्त परमेश्वरसँग सम्पर्क वा सम्बन्ध राखिरहनुपर्दछ। त्यस्तो व्यक्तिमात्र परमेश्वर र मानिसको बीचमा मध्यस्थ भएर यस संसारमा परमेश्वरलाई प्रकट गर्न अधिकार पाएको हुन्छ"-एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजेज, बुक १, पृ. २५७बाट रूपान्तरित।

"येशूले आफ्नो भनाई यसरी जारी राख्नुहुन्छः जसरी तिमीहरूले मानिसहरूको अगाडि मलाई स्वीकार गर्छौ त्यसरी नै म पनि परमेश्वर र पवित्र स्वर्गदूतहरूको सामु तिमीलाई स्वीकार गर्नेछु। यस संसारमा तिमीहरू मेरा साक्षीहरू हौ। तिमीहरूकै माध्यमबाट मेरो अनुग्रहलाई प्रवाह गर्न सक्नेछौ जसले यस संसारको घाऊलाई निको पार्न सकिन्छ। स्वर्गमा म तिमीहरूको प्रतिनिधित्व गर्नेछु। पिताले तिम्रो कमिकमजोरी, दोषी चरित्रलाई हेर्नुहुनेछैन, तर मेरो सिद्धताको पोशाक तिमीहरूले लगाइरहेको उहाँले देख्नुहुनेछ। स्वर्गका आशिषहरू तिमीहरूलाई मबाट नै प्रवाह गर्नेछु। पापमा हराइरहेका मानिसहरूको बीचमा मेरो बलिदानलाई स्वीकारेर सुनाउने प्रत्येक व्यक्ति मुक्ति पाएकाहरूको महिमा र आनन्दमा सहभागी हुनेछन्।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. ३५७बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. **हामी येशूमार्फत परमेश्वर पिताको पहुँचमा पुग्नुसक्छौं भनेर देहायका पदहरूले कसरी सिकाउँछ? हेर्नुहोस्, " १ यसैकारण विश्वासद्वारा धर्मी ठहरिएर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ। २ उहाँद्वारा हामीले यस अनुग्रहमा विश्वासद्वारा प्रवेश पाएका छौं। यस अनुग्रहमा हामी खड़ा छौं, र परमेश्वरका महिमाको सहभागी हुने हाम्रो आशामा हामी रमाउँछौं।" रोमी ५:१-२, " १४ किनकि उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ। उहाँले हामी दुवैलाई एउटै बनाउनुभएको छ, र**

विभाजन ल्याउने शत्रुताको पर्खाल भत्काइदिनुभएको छ। १५ र उहाँले व्यवस्थालाई त्यसका आज्ञाहरू र धार्मिक-विधानहरूसमेत आफ्नै शरीरमा खारेज गर्नुभएको छ, कि यी दुईका सट्टामा उहाँले आफैमा एउटा नयाँ मानिस सृष्टि गरून्, र यसरी शान्ति स्थापना होस्। १६ अनि उहाँले क्रूसद्वारा हामी दुवैलाई एउटै शरीरमा परमेश्वरसँग मेल गराएर शत्रुतालाई शेष पार्नुभयो। १७ उहाँले आएर तिमी टाढ़ा भएका र नजिक भएकाहरूलाई मिलापको सुसमाचार सुनाउनुभयो, १८ किनकि उहाँद्वारा नै हामी दुवैले एउटै पवित्र आत्मामा पिताकहाँ प्रवेश पाएका छौं। १९ यसरी अब तिमीहरू विदेशी र प्रवासी होइनौ, तर सन्तहरूसँग तिमीहरू सङ्गी-नागरिक र परमेश्वरको परिवारका सदस्यहरू भएका छौ।" एफिसी २:१४-१९ र " उहाँमाथि राखिएको हाम्रो विश्वासद्वारा साहस र दृढ़ भरोसामा हामी परमेश्वरमा प्रवेश पाउँछौं।" एफिसी ३:१२।

आ. मध्यस्थकर्ताको भूमिका के हो भने एलेन जी ह्वाइटले व्यक्ति गर्नुभएको माथिका भनाईहरूलाई हेर्नुहोस्। जब परमेश्वर पिताले हामीलाई हेर्नुहुन्छ उहाँले हाम्रो कमजोरी, पतित र दोषी चरित्रलाई हेर्नुहुन्न बरू ख्रीष्टको सिद्धतालाई हेर्नुहुन्छ। त्यसको गहिरो अर्थ के हो र चिन्तन गर्नुहोस्।

इ. यस अध्यायमा हामीले अध्ययन गरेको विषयलाई सोचेर यो प्रश्नको जवाफ तपाईंले कसरी दिन सक्नुहुन्छ, "हुन्छ त, ख्रीष्ट स्वर्गको पवित्रस्थानमा हुनुहुन्छ। तर त्यसको मतलब मलाई के छ र? मेरो दैनिक र व्यवहारिक जीवनमा त्यसको अर्थ के छ र?

**सारांशः** पुरानो करारको बलिप्रथालाई नयाँ करारले प्रतिस्थापित गरेको छ; पृथ्वीको पवित्रस्थानमा पापी पुजारीहरूले पशुलाई बलिदिनुको सट्टा अहिले हाम्रो येशू हुनुहुन्छ जो सिद्ध बलि हुनुहुन्छ। स्वर्गमा रहेको पवित्रस्थानमा परमेश्वर पिताको सामु हाम्रो प्रतिनिधि भइरहनुभएको छ। यो नै नयाँ करार र त्यससँग गाँसिएका प्रतिज्ञाहरूको आधार हुन्।

# कथा ११
## यो मेरो बाटो होइन
## फाबियोला पाडिला, ३६, मेक्सिको

बप्तिस्मा लिएको अठ्ठार वर्षसम्म फाबियोलाले आफ्नो बुबाले पनि उनको हृदय येशूलाई देओस् भनेर प्रार्थना गर्दै रहिन्। तिनीहरू मेक्सिकोको भिलाहेर्मोसामा रहन्थे। तर बुबाले येशूलाई विश्वास गर्ने कुरामा कुनै आशा देखिएको थिएन। उनले बाइबललाई विश्वास गर्दैनथे। उनले येशूकी आमा मरियम र इसाई सन्तहरूलाई प्रार्थना गर्दथे। उनी जाँडरक्सी अक्सर तिल्ल गरि पिउँथे। आफ्नी श्रीमतीलाई गालिगर्दथे र उनको मुख सधैं रिसले अँध्यारो देखिन्थ्यो। जब फाबियोलाले बुबासँग येशूको बारेमा कुरा गर्थिन् तब उनी वेवास्ता गरेर हिँड्थे। तर बुबाको निम्ति प्रार्थना गर्न उनी थाकिनन्। चर्चका साथीहरूलाई पनि आफ्नो बुबाको निम्ति प्रार्थना गर्न अनुरोध गरेकी थिइन्। आखिरमा परमेश्वरले उनको प्रार्थनाको जवाफ दिनुभयो। तर त्यो जवाफ उनले अपेक्षा गरेको अनुसार थिएन। ७५ वर्षको बुबा कलेजोको क्यान्सरले पिडित भएको उनले थाहा पाइन्। उनको शरीरमा क्यान्सर धेरै फैलिएको र त्यसलाई शल्यक्रिया गर्न नसक्ने भनेर डाक्टरले भने। जब आफ्नो बाबु मर्न लागेको फाबियोलाले थाहा पाइन्, उनी झन आफ्नो बाबुको मुक्तिको निम्ति प्रार्थना गर्न थालिन्। "तपाईंको बारेमा ठीक शब्दहरू बोल्न मलाई सिकाउनुहोस्" बाबु मर्न लागेको थाहा पाएको बेलुकादेखि प्रार्थना गरिन्। उनले प्रत्येक बिहान पनि प्रार्थना गरिन्। एक हप्तासम्म बिहान र बेलुका नटुटाइकन आफ्नो बुबाको निम्ति प्रार्थना गरिन्। "मलाई साहस दिनुहोस्," उनले परमेश्वरसँग बिन्ति गरिन्। अनि उनी बाबुको ओछ्याननिर गइन् र उनको हात समातिन्। उनी डराइरहेकी थिइन्। बाबुले हात छोडेर आफूबाट जानु भनेर भन्ला कि भनेर उनी डराएकी थिइन्। तर आफूले प्रार्थना गरेको उनले सम्झिन्। "बुबा, मतपाईंलाई धेरै माया गर्छु। आज बिहान म परमेश्वरको बारेमा तपाईंसँग कुरा गर्न चाहन्छु जसलाई तपाईंले पनि विश्वास गर्नुहुन्छ। उहाँले तपाईंलाई निको पार्न सक्नुहुन्छ। तपाईंसँग प्रार्थना गर्न दिनुहोस्। बुबाले उनलाई प्रार्थना गर्न अनमती दिएकोमा उनी छक्क परिन्। त्यस दिनदेखि उनी र बुबा सँगसँगै हरेक बिहान र बेलुका प्रार्थना गर्न थाले। प्रार्थना पछि उनले बाइबल पढ्थिन् र भजन गाउँथिन्। बुबाले चुपचाप सुन्थे।

आफ्नो प्रयास खेर जाने होकि भनेर सोच्दथिन्। तैपनि उनले बाइबल पढ्दै गरिन् र भजन गाउँदै गरिन्। उनले आफ्ना चर्चका सदस्यहरूलाई आफ्नो बुबाको निम्ति एक दिन उपबास र प्रार्थना गर्न अनुरोध गरिन्।

क्यान्सर एकदम फैलिरहेको थियो र बुबा झन झन कमजोर हुन थालेको थियो। फाबियोलालाई के गर्ने थाहा भएन। फाबियोलाकी एक जना एडभेन्टिस्ट साथी रीताले उनको बुबालाई बाइबल सिकाउने प्रस्ताव राखिन्। जब बुबाले बाइबल अध्ययन गर्ने मञ्जुर देखाए तब फाबियोला छक्क परिन्। बुबाको बिमार चर्को हुँदै गएकोदेखेर रीताले छिटो छिटो बाइबल सिकाइन। एक हप्तामा सातवटा पाठहरू उनले सिकाउँदै थिइन्। सातौं पाठ पछि रीताले बुबालाई उनको हृदय येशूलाई सुम्पन चाहनुहुन्छ कि भनेर सोधिन्। "तपाईंले किन बप्तिस्मा नलिने" उनले सोधिन्। बुबाले आफू बप्तिस्मा लिन चाहेको कुरा व्यक्त गरे। साउथइस्ट एडभेन्टिस्ट अस्पतालको पास्टर रोजर पेकले बच्चाहरूको पौडी खेल्ने प्लास्टिकको पोखरीमा बुधवारको दिन १:३०बजे बुबालाई बप्तिस्मा दिए। त्यो पोखरी आफ्नो परिवारको घरको बाहिर थियो। त्यस दिन बेलुका बुबा आफ्नो कोठामा सुत्न जान मानेनन्। परिवारसँगै बेठकमा उनी बस्न चाहेका थिए। त्यही रात मध्यराततिर बुबाले लामो स्वाँसा गर्न थाले। अनि उनले अन्तिम पटक आँखा खोलेर हेरे र अन्तिम सास पनि फेरेर आँखा बन्द गरे। बुबाको जीवनभरि उनको अनुहार रिसले कचाककुचुक भएको थियो। तर उनलाई सुताएको लासको बाकसमा उनको अनुहार अचम्म प्रकारले शान्त थियो। अचम्म मानेर मलामी जानेहरूले कसैले थाहा नपाइकन उनी चर्च जान्थेकि भनेर सोधे। मर्नु केही घन्टा अघि आफ्नो बुबाले येशूलाई आफ्नो हृदय दिएको तिनीहरूलाई सुनाइन्। परमेश्वरले अचम्म काम गर्नुभएको थियो भनेर फाबियोलालाई विश्वास भएको थियो। बुबाको हृदय परिवर्तन हुन थालेको केवल दुई महिनामात्र भएको थियो जब उनले आफूलाई क्यान्सर भएको थाहा पाएका थिए।

"बुबाले उनको हृदय येशूलाई दिनुभयो, मैले चाहेको अनुसार वा चाहेको बेलामा होइन तर उहाँकै चाहना अनुसार भएको थियो," फेबियोलाले भनिन्। "मानिसलाई जे असम्भव छ त्यो परमेश्वरलाई सम्भव छ।"

**-आन्ड्र्यु मेकचेस्नी**